नेपाल सरकार
गृह मन्त्रालय
क्षेत्रीय प्रशासन कार्यालय
पश्चिमाञ्चल विकास क्षेत्र

टेलिफोन:
४६५३६२ कार्यालय
४६३५९८ "
४६४८४१ "
४६२६७२ "
५२००५४ "
५३३०९६ निवास
४६२५९४ फ्याक्स
e-mail
regional_adm@yahoo.com
पोखरा, कास्की, नेपाल

पत्र संख्या:-३/०७०/७१
प्राप्त पत्र संख्या र मिति :-
चलानी नं.:-

# प्रतिज्ञापत्र

हामी यातायात क्षेत्रको विकास र व्यवस्थापनमा प्रत्यक्ष सम्लग्न यातायात व्यवस्था कार्यालय, यातायात व्यवसायी, सवारी चालक, सहचालक तथा कर्मचारी, ट्राफिक प्रहरी र नागरिक समाज आधिकारीक प्रतिनिधीहरु ६६ औं अन्तराष्ट्रिय मानव अधिकार दिवसको अवसरमा सार्वजनिक यातायात व्यवस्थापनलाई नागरिकको आधारभूत मानव अधिकारको रुपमा स्वीकार गर्दै,

सार्वजनिक यातायातको समग्र प्रणालीमा सुधार गरी सर्वसाधारणको आवागमनलाई सुरक्षित, भरपर्दो, प्रभावकारी, व्यवस्थित, जोखिममुक्त र दुर्घटनारहित वनाउन सार्वजनिक सवारी साधनको अनुगमन सूचक र हाम्रा प्रतिबद्धतालाई सदैव पालना र कार्यान्वयन गर्ने उद्घोषका साथ यो प्रतिज्ञापत्र जारी गर्दछौं ।

भरत पौडेल
कार्यालय प्रमुख
अञ्चल यातायात व्यवस्था कार्यालय,
(सवारी),
गण्डकी, कास्की

लक्ष्मणविक्रम थापा
कार्यालय प्रमुख
अञ्चल यातायात व्यवस्था कार्यालय,
(सवारी चालक अनुमति पत्र)
गण्डकी, कास्की

रविन्द्र श्रेष्ठ
कार्यालय प्रमुख
जिल्ला ट्राफिक कार्यालय,
कास्की

बसन्त प्रधान
अध्यक्ष
गण्डकी-धौलागिरी यातायात समन्वय समिति
कास्की

सिंहवहादुर कार्की
अध्यक्ष
यातायात व्यवसायी संघ, गण्डकी

गान्धीराज गिरी
अध्यक्ष
ट्याक्सी व्यवसाय समिति, कास्की

जीत बहादुर गुरुङ
अध्यक्ष
नेपाल यातायात मजदूर संघ, कास्की

विष्णु खत्रि
अध्यक्ष
नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, कास्की

रामबहादुर पौडेल
संयोजक
नागरिक समाज पोखरा, कास्की

सूर्यमणी लामिछाने
अध्यक्ष
अखिल नेपाल यातायात मजदूर संघ, कास्की

टेकनाथ बराल
मानव अधिकारकर्मी
कास्की

कपिलनाथ कोइराला
अध्यक्ष
उपभोक्ता मञ्च, कास्की

नेपाल सरकार
गृह मन्त्रालय
क्षेत्रीय प्रशासन कार्यालय
पश्चिमाञ्चल विकास क्षेत्र

टेलिफोन:
४६५३६२ कार्यालय
४६३५९८ "
४६४८४१ "
४६२६७२ "
५२००५४ "
५३३०९६ निवास
४६२५९४ फ्याक्स
e-mail
regional_adm@yahoo.com
पोखरा, कास्की, नेपाल

पत्र संख्या:-३/०७०/७१
प्राप्त पत्र संख्या र मिति :-
चलानी नं.:-

**सार्वजनिक सवारी साधन अनुगमन सूचक :**

हामी हाम्रा सबै सवारी साधनहरुलाई देहायका सूचकहरुको आधारमा नियमित अनुगमन गर्ने र कुनै कमि कमजोरी वा समस्या देखिएमा तत्काल सुधार गर्ने प्रणाली स्थापित गर्नेछौं ।

१ सवारी साधन संचालन भईरहेको सडकमा यातायात चलाउने अनुमति (रोडपर्मिट) लिएको छ/छैन,
२ सवारी संचालन अनुमतिपत्र र ब्लुवुक आदि कागजात सवारीमा साथमा राखेको छ/छैन,
३ सवारी दर्ता प्रमाणपत्र र सवारी जाँचपास गरी सवारी साधन चलाएको छ/छैन,
४ ब्लुवुक र सवारी संचालन अनुमतिपत्र समय समयमा नवीकरण गरेको छ/छैन,
५ सवारी साधनमा भारवहन क्षमता भन्दा बढी लोड (Over load) गरी सवारी साधन चलाएको छ/छैन,
६ सम्वन्धित कम्पनीका सवारी धनीवाट परिचालक अनुमति नलिएको व्यक्तिलाई काम गराईएको छ/छैन,
७ सवारी चालकले सवारीका शर्तहरु उल्लंघन गरी कारवाहीमा परेको छ/छैन,
८ यात्रुहरुलाई दररेट र स्थान खुलेको टिकट उपलव्ध गराउने गरेको छ/छैन,
९ लामोदूरीमा संचालित सार्वजनिक सवारी साधनहरुमा यात्रारत यात्रुहरुको सूचि तयार गरिराखेको छ/छैन,
१० महिला, अपाङ्ग, अशक्त र बृद्ध-बृद्धाहरुका लागी सीट आरक्षित गरी उनिहरुलेनै वस्न पाउने व्यवस्था गरिएको छ/छैन,
११ गर्भवती महिला तथा विरामीलाई सीट मिलाई दिने गरेको छ/छैन,
१२ विद्यार्थी, अपाङ्गता भएको व्यक्ति र जनआन्दोलनका अशक्त घाईतेहरुलाई तोकिएको सहुलियत दिने गरेको छ/छैन,
१३ रात्रीवसमा यात्रा गर्ने महिलालाई प्राथमिकताका साथ महिलासँगैको सीटमा राख्ने गरिएको छ/छैन,
१४ सार्वजनिक सवारी साधनहरुमा वालश्रमको प्रयोग भएको छ/छैन,
१५ चालक, सहचालक तथा काउण्टरका कर्मचारीले परिचयपत्र लगाउने गरेको छ/छैन,
१६ चालक र सहचालकले यात्रुसँग मर्यादित, नम्र र शिष्ट व्यवहार गर्ने गरेको छ/छैन,
१७ यात्रुवाहक साधनहरुले मानिसका साथै पशु चौपायाको ओसारपोसार गरेको छ/छैन,
१८ अपाङ्गता भएका यात्रुलाई सवारी साधनमा उक्लन र ओर्लन सहयोग गर्ने गरेको छ/छैन,
१९ यात्रुवाहक सवारी साधनहरुले यात्रुको झिटी गुण्टा वाहेक वस्ने सीटमा अन्य सामान राखेर ढुवानी गर्ने गरेको छ/छैन,
२० सार्वजनिक सवारी साधनहरुमा यात्रुको झिटी गुण्टा कुनै कारणले सवारी साधनमा छुटेमा अविलम्व त्यस्ता सामान नजिकको यातायात काउण्टर वा प्रहरी चौकीमा बुझाउने गरेको छ/छैन,
२१ तोकिएको वस विसौनी वाहेक अन्यत्र जथाभावी सवारी साधन रोक्ने गरेको छ/छैन,
२२ सवारी साधन संचालनपूर्व नियमित मर्मत गर्ने गरेको छ/छैन,
२३ सवारी साधनलाई स्वीकृति वेगर स्वरुप परिवर्तन ( Modified ) गरेको छ/छैन,
२४ कुनै एक प्रयोजनकोलागि दर्ता भएको साधन अर्को प्रयोजनकोलागि प्रयोग गरिएको छ/छैन,
२५ गुडी रहेको सवारी साधनको ढोका वन्द गर्ने गरेको छ/छैन,
२६ सवारी साधन भित्र नियमित सरसफाई गरी फोहोर जम्मा गर्ने डष्टविन राखेको छ/छैन,
२७ सार्वजनिक सवारी साधनहरुले आँफु चल्ने रुटको भाडादर सवै यात्रुले प्रष्ट देख्ने र बुझ्ने गरी तालिका वनाई टाँसेर राखेको छ/छैन,
२८ नियमित सवारी प्रदुषण जाँचपास गराएको छ/छैन,
२९ सवारी साधनको बीमा, सवारी चालक, सहचालक, पर्यटक, यात्रु र तेश्रोपक्षको दुर्घटना बीमा गरेको छ/छैन,
३० सवारी साधनको सीट सफा, टुटफुट नभएको एवं आरामदायी र सुविधायुक्त छ/छैन,
३१ चालक, सहचालक तथा यात्रुहरुले सवारी चलाएको अवस्थामा मादक पदार्थ तथा लागु पदार्थ सेवन गर्ने गरेको छ/छैन,
३२ सार्वजनिक सवारी साधनहरुले सवारी साधनको दर्ता नम्वर सवैले देख्ने गरी भित्रपनि टाँसेको छ/छैन,

नेपाल सरकार
गृह मन्त्रालय
क्षेत्रीय प्रशासन कार्यालय
पश्चिमाञ्चल विकास क्षेत्र

टेलिफोन:
४६५३६२ कार्यालय
४६३५९८ "
४६४८४१ "
४६२६७२ "
५२००५४ "
५३३०९६ निवास
४६२५९४ फ्याक्स
e-mail
regional_adm@yahoo.com
पोखरा, कास्की, नेपाल

पत्र संख्या:-३/०७०/७१
प्राप्त पत्र संख्या र मिति :-
चलानी नं.:-

३३ सार्वजनिक यात्रुवाहक सवारी साधनहरुमा अनिवार्य रुपमा प्राथमिक उपचारका साधन (First Aid Box) सवारी साथ राखेको छ/छैन,
३४ लामोदूरीका (६घण्टा वा २५० कि.मि. भन्दावढी गुड्ने) रात्री तथा दिवा वसमा ६/६ घण्टामा सवारी चालक फेरिने गरी २ जना चालक राख्ने गरिएको छ/छैन,
३५ सार्वजनिक सवारी साधन भित्र वा वाहिर कुनै जात जाति विशेषलाई होच्याउने नारा, कोटेशन लेखेको छ/छैन,
३६ अश्लिल चित्र तथा महिला विरुद्धका उद्दरणहरु लेखेको तथा चित्र, पोष्टर आदि टाँसेको छ/छैन,
३७ सार्वजनिक सवारी साधन भित्र सवारी साधनका कर्मचारी वा यात्रुवाट महिला विरुद्ध हिंसा जन्य क्रियाकलाप हुने गरेको छ/छैन,
३८ पर्यटक यातायात सेवा संचालन गर्ने सवारी साधनले सो सेवा संचालन गर्ने इजाजतपत्र लिएको छ/छैन,
३९ ठाउँ ठाउँमा रहेका यात्रु प्रतिक्षालय र राजमार्ग संग जोडिने सहायक मार्गको मुख्य चोकमा लामो समय सम्म यात्रु कुरेर रोक्ने गरेको छ/छैन,
४० सवारी साधन तीब्र गतिमा चलाउदै अस्वस्थ प्रतिष्पर्धा गरी बीच बीचमा यात्रुहरुलाई चढाउने गर्ने गरेको छ/छैन,
४१ सवारी साधन छुट्ने र गन्तव्य सम्म पुग्नुपर्ने समय तालिका लिएको र सोही वमोजिम सवारी चलाउने गरेको छ/छैन,
४२ शैक्षिक संस्था, अस्पताल आदि हर्न बजाउन निषेधित स्थानमा ध्वनी प्रदुषण हुने गरी हर्न वजाउने गरेको छ/छैन,
४३ चालकले यात्रुसँग वा मोवाईल फोनमा गफ गर्दै सवारी हाक्ने गरेको छ/छैन,
४४ यात्रुलाई बीचवाटोमा खाना र खाजा खुवाउने भनि एक्लो र सुनसान स्थानमा मात्र रोक्ने गरेको छ/छैन,
४५ यात्रुलाई खाना तथा खाजा खुवाउन सधैं एउटैमात्र होटल, रेष्टुरेण्ट, पसलमा रोक्ने गरिएको छ/छैन,
४६ यात्रुलाई खाना तथा खाजा खुवाउन रोक्ने गरिएको होटल, रेष्टुरेण्टको खानाको गुणस्तर तथा शौचालय र सरसफाईको अवस्था राम्रो छ/छैन,
४७ राजमार्गको यातायात सवारीका यात्रुलाई खाना/खाजा खुवाउने होटल, रेष्टुरेण्टमा मूल्य सूची राखिएको छ/छैन,
४८ यात्रुलाई खाना/खाजा खुवाउने होटल, रेष्टुरेण्टले मूल्य सूची अनुसार उचित मूल्य लिने गरिएको छ/छैन,
४९. मोटरसाईकल चालकले हेल्मेट र सवारी साधन चालकले सीटवेल्ट लगाएको छ/छैन,
५०. पर्यटक सवारी मापदण्ड वमोजिमका सवारी साधनले पर्यटकलाई सेवा दिएका छन्/छैनन्

## प्रतिबद्धता

सार्वजनिक यातायातको समग्र प्रणालीमा सुधार गरी सर्वसाधारणको आवागमनलाई सुरक्षित, भरपर्दो, प्रभावकारी, व्यवस्थित, जोखिममुक्त र दुर्घटनारहित वनाउन हामी हाम्रो दायित्व र जिम्मेवारी भित्रका विषयहरुलाई गम्भिरतापूर्वक लिई देहाय बमोजिमको प्रतिबद्धता व्यक्त गर्दछौं :

## यातायात मजदुर, सवारी चालक, सहचालक र कर्मचारीको प्रतिवद्धता

१. हामी यातायात मजदुर (चालक)ले सधैं लेन अनुसासनको पालना गर्नेछौं ।
२. हाम्रो सवारी साधनले जथाभावी ओभरटेक गर्ने छैनौं ।
३. हामी सवारी चलाउंदा यात्रु संग कुराकानी गर्ने वा मोवाईल फोनको प्रयोग गर्ने छैनौं ।
४. हामी अत्यधिक गतिमा सवारी चलाउंने छैनौं ।
५. हामी सवारी साधन चलाउदा वाटो काट्ने पैदल यात्रीहरुलाई प्राथमिकता दिने छौं ।
६. हामी मादक पदार्थ तथा लागु औषध सेवन गरेर सवारी चलाउंने छैनौ ।
७. हामी सवारी चलाउंदा सवारी सम्बन्धी सबै कागजपत्र साथमा राख्ने छौ ।

नेपाल सरकार
गृह मन्त्रालय
क्षेत्रीय प्रशासन कार्यालय
पश्चिमाञ्चल विकास क्षेत्र

टेलिफोन:
४६५३६२ कार्यालय
४६३५९८ "
४६४८४१ "
४६२६७२ "
५२००५४ "
५३३०९६ निवास
४६२५९४ फ्याक्स
e-mail
regional_adm@yahoo.com
पोखरा, कास्की, नेपाल

पत्र संख्या:-३/०७०/७१
प्राप्त पत्र संख्या र मिति :-
चलानी नं.:-

८. हामी आफ्नो वसको छत वा ढोकामा वा सीट क्षमता भन्दा बढी यात्रु राखेर सवारी साधन चलाउने छैनौं ।
९. यात्रुवाहक सार्वजनिक सवारी साधनमा यात्रुलाई चढाउदा तथा ओराल्दा तोकिएको स्थानमा मात्र रोक्नेछौं
१०.यात्रुहरुलाई वाधा पुग्ने गरी म्युजिक तथा भिडियोहरु बजाउने छैनौं ।
११. सवारी साधनमा यात्रा गरिरहेका यात्रुप्रति सदैव शिष्ट र मर्यादित व्यवहार गर्ने छौं ।
१२. विद्यार्थी, अपाङ्गता भएको व्यक्ति र जेष्ठ नागरिकले पाउने सहुलियत विना आनाकानी दिने, दिन लगाउने छौं ।
१३. नगर क्षेत्र, आवासीय क्षेत्र, विद्यालय, अस्पताल र हर्न बजाउन निषेधित क्षेत्रमा जथाभावी हर्न बजाउने छैनौं ।

## यातायात व्यवसायीहरुको प्रतिवद्धता

१. हामी आफ्नो सवारी साधन सधैं चलाउनु पूर्व चेक जाँच एवं मर्मत गरी दुरुस्त राख्दछौं ।
२ लामो दूरीमा चल्ने यातायात साधनमा अनिवार्य आलोपालो चलाउने गरी दुई जना चालक राख्ने छौं ।
३. सवारी साधनमा डस्टबीनको व्यवस्था र सीटहरु सधैं सफा राख्ने छौं ।
४. सवारी साधन वाटोमा विग्रिएमा तुरुन्त अर्को वैकल्पिक व्यवस्था मिलाउने छौं ।
५ आ-आफ्नो सवारी साधनमा प्राथमिक उपचारका साधन (First Aid Box) राख्ने छौं ।
६. प्रचलित कानुन वमोजिम सार्वजनिक सवारी साधनमा विद्यार्थी, अपाङ्गता भएका व्यक्ति, जनआन्दोलनका घाईते र बृद्धहरुलाई सहुलियत उपलब्ध गराउने छौं ।
७. सवै यात्रुहरुले देख्ने र थाहा पाउने गरी टिकट विक्री कक्ष एवं प्रत्येक सवारी साधनमा भाडादर स्पष्ट संग राख्न लगाउने छौं ।
८. यातायात व्यवसाय गरे बापत तिर्नु बुझाउनु पर्ने कर, दस्तुर, शुल्क समयमै बुझाउने छौं ।
९. पहाडी र कच्ची वाटोमा चल्ने सवारी साधन अनिवार्यरुपमा फोरव्हीलको व्यवस्था गर्ने छौं ।
१०.यातायात व्यवसायीले चलकलाई सवारी चलाउन अनावश्यक दवाव दिने छैनौं ।
११. सवारी चलाउँदा कुनै दुर्घटना भएमा उद्धार, राहत क्षतिपूर्ति लगायतका सबै कार्यहरु प्राथमिकताका साथ गर्ने छौं ।
१२. जुन प्रयोजनको निम्तिसवारी साधन स्वीकृति भएको छ सोही प्रयोजनमा मात्र चलाउन दिने छौं ।
१३. सार्वजनिक यातायात क्षेत्रका कानुनी व्यवस्थाको पालना गरी स्वच्छ प्रतिष्पर्धामा अन्य सवारी साधनलाई समेत निर्वाध संचालन हुन पाउने गरी आलो पालो प्रणालीको (सिण्डीकेट) नियन्त्रण गर्न सदैव क्रियाशिल रहने छौं ।

## ट्राफिक प्रहरीको प्रतिवद्धता

१. सार्वजनिक सवारी साधनहरुमा क्षमता भन्दा वढी भार राखेर, बसमा झुण्डिएर, छत माथि समेत यात्रु राखेर वा सीट क्षमता भन्दा बढी यात्रु राखेर सवारी साधन चलाएको पाईएमा कारवाही गर्ने छौं ।
२. ट्राफिक नियम मिचेर सवारी साधन चलाउनेलाई नियमानुसार कारवाही गर्ने छौं ।
३. सवारी साधनको सम्पूर्ण कागजात दुरुस्त भए नभएको हेर्ने छौं र नहुनेलाई कारवाही गर्ने छौं ।
४. सवारी चालकले मादक पदार्थ वा अन्य लागु पदार्थ सेवन गरेर सवारी चलाएको छ छैन हेर्ने छौं र भेटिए कार्यवाही गर्ने छौं ।
५. नियम कानुन अनुसार यातायात संचालन गर्न अटेर गर्ने व्यवसायी र चालकलाई नियमानुसार कारवाही गर्ने छौं ।
६. जाँचपास नगरेका र अवस्था ठिक नभएको सवारी साधन चलाउन दिने छैनौं ।
७. सवारीको वजन हद निर्धारण गरिएको स्थानमा वढी वजनको सवारी साधन चलाउन दिने छैनौं ।

नेपाल सरकार
गृह मन्त्रालय

# क्षेत्रीय प्रशासन कार्यालय

## पश्चिमाञ्चल विकास क्षेत्र


टेलिफोन:
४६५३६२ कार्यालय
४६३५९८ ”
४६४८४१ ”
४६२६७२ ”
५२००५४ ”
५३३०९६ निवास
४६२५९४ फ्याक्स
e-mail
regional_adm@yahoo.com
पोखरा, कास्की, नेपाल


पत्र संख्या:-३/०७०/७१
प्राप्त पत्र संख्या र मिति :-
चलानी नं.:-

८. निर्धारित भाडादर भन्दा वढी भाडा लिई वा अन्य कुनै कारणले यात्रु ठगिएको भेटिएमा ठग्नेलाई तत्कालै कारवाही गर्नेछौं ।

९. सार्वजनिक यातायातलाई व्यवस्थित गर्न अन्य निकाय र संघ संस्थासमेतको साझेदारीमा समय समयमा चेतनामूलक कार्यक्रम, ट्राफिक सप्ताह आदि संचालन गर्ने छौं ।

१०. सवारी दुर्घटना न्यूनिकरण गर्न ट्राफिकलाई व्यवस्थापन, ट्राफिक चिह्न अद्यावधिक गर्ने काम, सवारी पार्किङ्ग, व्यवस्थापन र सडक अतिक्रमण नियन्त्रणलाई प्राथमिकता दिई काम गर्ने छौं ।

११. सवारी धनी, चालक, सहचालक र सवारी साधन मर्मत संभार गर्ने व्यक्तिहरुलाई अन्य निकाय र संघ संस्थासंग समन्वय गरी अन्तरक्रिया, गोष्ठी, तालीमका कार्यक्रमहरु संचालन गर्ने छौं ।

१२. सवारी दुर्घटना भएमा, बिग्रिएमा वा अन्य कारणले तत्काल उद्धारको कार्य गर्नुपर्ने अवस्थामा श्रोत साधन र जनशक्ति सहित उद्धारकार्यमा खटिने छौं ।

१३. सडक इजाजत पत्र नलिई वा लापरवाहीले सवारी चलाएको, अन्य सवारी साधनलाई अप्ठेरो पर्ने गरी सार्वजनिक स्थलमा सवारी राखेको, यात्रु उपर असभ्य व्यवहार गरेको भेटिएमा तत्कालै कारवाही गर्ने छौं ।

### यातायात व्यवस्था कार्यालयको प्रतिवद्धता

१. ग्रामिण सडकहरुको स्थलगत अध्ययन गरी अस्थायी इजाजत प्रदान गरेर मात्र सवारी संचालन गर्ने गराउने कार्यलाई निरन्तरता दिने छौं ।

२. सवारी साधन गन्तव्यस्थल सम्म छुट्नु अघि मध्यम बाटो र लामो बाटोमा यात्रा गर्ने यात्रुहरुको नाम र ठेगाना उल्लेख गरी एक प्रति नजिकको ट्राफिक प्रहरी कार्यालयमा बुझाउनु पर्ने व्यवस्थालाई तत्काल लागु गर्ने छौं ।

३. सवारी साधनको जाँचपास गर्न आउदा उक्त सवारीको अवस्थावारे सूक्ष्म ढंगले जाँच गरेर मात्र जाँचपास गराई कुनै प्राविधिक कमजोरी हुन नदिन प्रतिवद्ध छौं ।

४.यात्राको क्रममा यात्रुलाई गरिने व्यवहार, खाना तथा खाजाको गुणस्तर सवारी साधनको गति, ध्वनी, वजन, सरसफाइ, शौचालय लगायतका सवै विषयमा समय-समयमा अन्तर्क्रिया, अनुगमन, अनुशिक्षण गर्ने छौं ।

५.महिला अपाङ्गता भएका व्यक्ति एवं जेष्ठ नागरिकलाई सम्मानपूर्वक व्यवहार गर्न र नियमानुसार सहुलियत प्रदान गर्न सबै व्यवसायीलाई अनुरोध गरी कार्यान्वयन गर्ने छौं ।

६.राम्रो संग सवारी साधन चलाउन दक्ष र अनुमतिपत्र सम्वन्धी परीक्षा पास गरेका व्यक्तिलाई मात्र सवारी चालक अनुमति प्रदान गर्ने छौं ।

७. यात्रुको चाप, आवश्यकता र रुटको पूर्ण अध्ययन पछिमात्र सवारी दर्ता प्रक्रिया अगाडी वढाउने छौं ।

८.यातायात प्रशासनवाट प्रदान गरिने सेवामा विद्युतीय प्रविधिको उपयोग गर्न प्रारम्भ गर्ने छौं ।

९.सार्वजनिक यातायातलाई वैज्ञानिक र उपयुक्त भाडादर निर्धारण, सहुलियत तथा छुट सुविधाको माध्यमवाट उपयुक्त व्यवस्था सहित नागरिक मैत्री वनाउने छौं ।

१०. यातायात प्रशासनलाई उत्तरदायी, पारदर्शी, छिटोछरितो, र सेवामुखी वनाई विचौलीयाको प्रभाववाट मुक्त राख्ने छौं ।

११. सडक यातायातमा दुर्घटना कमगर्न यातायात व्यवसायी, ट्राफिक प्रहरी, नीजिक्षेत्र र अन्य सरोकार वालाहरुको सहभागितामा चेतना अभिवृद्धि र क्षमता विकासका कार्यक्रमहरु संचालन गरी समय-समयमा सार्वजनिक सवारी साधनहरुको छड्के अनुगमन गर्ने छौं ।

१२. सार्वजनिक यातायात क्षेत्रका कानुनी व्यवस्थाको पालना गराउन तथा अनियमितता र आलो-पालो प्रणाली (सिण्डीकेट) नियन्त्रण गर्न सदैव क्रियाशिल रहने छौं ।

१३. सार्वजनिक यातायातका लागि प्रयोग भएका, असुरक्षित र सुविधा कम भएका सवारी साधनको क्रमिकरुपमा विस्थापन गर्दै लैजाने छौं ।

नेपाल सरकार
गृह मन्त्रालय
# क्षेत्रीय प्रशासन कार्यालय
पश्चिमाञ्चल विकास क्षेत्र

टेलिफोन:
४६५३६२ कार्यालय
४६३५९८ ”
४६४८४१ ”
४६२६७२ ”
५२००५४ ”
५३३०९६ निवास
४६२५९४ फ्याक्स
e-mail
regional_adm@yahoo.com
पोखरा, कास्की, नेपाल

पत्र संख्या:-३/०७०/७१
प्राप्त पत्र संख्या र मिति :-
चलानी नं.:-

## यात्रुहरु र नागरिक समाजको प्रतिवद्धता

१. हामी सार्वजनिक यातायात सम्बन्धी ऐन, कानून, आचारसंहिता र अन्य प्रचलित व्यवस्था बारे जानकारी लिन र आफ्नो कर्तव्य पालन गर्न सधैं तत्पर हुने छौं ।
२. हामी तोकिएको स्थानवाटमात्र सवारी साधनमा चढ्ने, ओर्लने र निर्धारित ठाउँमा मात्र रोक्न लगाउने छौं ।
३. हामी पैदलयात्रुका हैसियतले पैदल मार्ग (Foot path)मा मात्रै हिड्ने र अरुलाई पनि यस बारे जानकारी गराउने छौं ।
४. हामी सहर वजारमा जेब्रा क्रसिङ्ग (Zebra crossing) बाट मात्रै वाटो काट्ने र त्यस सम्वन्धमा अरुलाई पनि जानकारी गराउनेछौं ।
५. हामी सिट खालि भएमात्र बस वा जीपमा यात्रा गर्ने, भीडभाड भए नचढ्ने र लामोदूरीको यात्रा गर्दा अग्रिम टिकट वुकिङ्ग गर्नेछौं ।
६. हामी सार्वजनिक यातायातको प्रयोग गर्दा निर्धारित भाडादर र समयावधि बारे जानकारी लिई भाडा दिने र टिकट लिने काम गर्ने छौं ।
७. यात्राका क्रममा कहिंकतै दुर्घटना भएको जानकारी भएमा वा सवारी साधन बिग्री समस्या परेमा तत्काल स्थानीय प्रहरीमा खवर गर्ने र आवश्यक सहयोग गर्ने छौं ।
८. कर्तव्य सहितको अधिकारलाई मार्गदर्शनका रुपमा लिदै अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र महिलाका लागि आरक्षित सिटलाई सुरक्षित राख्ने छौं ।
९. हामी सडक आसपासका वासिन्दावाट आफ्ना पशु पंक्षीलाई सडकमा छाडाछाड्ने र सडक किनारामा व्यापार व्यवसाय गर्ने कार्यलाई वन्द गराउने छौं ।
१०. हामी सडक पार गर्दा अशक्त, अपाङ्गता भएका व्यक्ति, वृद्ध, बाल बालिकालाई जेब्रा क्रसिङ्ग वा निर्धारित स्थानबाट सडक पार गर्न सहयोग गर्ने छौं ।
११. हामी सार्वजनिक यातायात प्रयोग गर्दा मादक पदार्थ, चुरोट, खैनी र अन्य सुर्तिजन्य पदार्थ सेवन गर्ने छैनौं ।
१२. हामी सडकमा धान, पराल, सनपाट आदि सुकाउने, सडक अवरोध गर्ने र सार्वजनिक आवागमनलाई असजिलो पर्ने कार्य गर्ने र गर्न दिने छैनौं ।
१३. हामी सवारी चलाउदै गरेको चालक संग अनावश्यक कुराकानी गर्ने, वादविवाद गर्ने र कुनै किसिमको हिंसाजन्य क्रियाकलाप छैनौं र सवै यात्रुलाई यस विषयमा सचेत गराउने छौं ।

मिति २०७१, मार्ग २४
डिसेम्बर १०, २०१४